लुम्बिनी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय, दाङ

# मासिक जनस्वास्थ्य बुलेटिन

आ. व: २०८३/८४ बर्ष: दोश्रो अंक: १४ भाद्र २०८३

## भाद्र महिनाका प्रमुख उपलब्धिहरु

- ✓ स्वास्थ्य कार्यक्रमहरुको जिल्लास्तरीय वार्षिक समीक्षा
- ✓ विद्यालयस्तरीय एच.पि.भी. खोप कार्यक्रम सञ्चालन
- ✓ **Malaria Case Based surveillance**
- ✓ **MPDSR** समितिको बैठक
- ✓ **OTC** तथा पोषण सम्बन्धी **Onsite Coaching**
- ✓ परिवार मुआक **(Family MUAC)** सम्बन्धी अभिमुखीकरण कार्यक्रम

## भाद्र महिनामा सम्पादन गरिएका मुख्य/मुख्य क्रियाकलापहरुबारे थप जानकारी

१) **स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षा:** आ.व. २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरूको जिल्लास्तरीय वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ। समीक्षामा पोषण, मातृ तथा नवशिशु, क्षयरोग नियन्त्रण लगायत कार्यक्रमका केही सूचकहरूको प्रगति सन्तोषजनक नभएको, निजी स्वास्थ्य संस्थाहरूको अभिलेख प्रतिवेदनमा समस्या रहेको, घरमै हुने प्रसूति अझै पनि देखिएको र मातृ तथा नवशिशु मृत्यु कायम रहेको जस्ता समस्याहरू पहिचान भएका थिए। ती समस्याहरुको समाधानका लागि कार्ययोजना समेत बनाइएको थियो।

२) **विद्यालय स्तरीय एच.पि.भी. खोप कार्यक्रम:** भाद्र महिनामा विद्यालयस्तरीय एच.पि.भी. खोप कार्यक्रम सञ्चालन भइरहेको छ। खोप कार्यक्रममा जनशक्तिको कमी देखिएको थियो। जनशक्तिको कमीका लागि विद्यालयका महिला शिक्षक तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई खटाइएको थियो।

३) **MPDSR समितिको बैठक:** गत महिनामा राप्ती स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा मासिक रुपमा संचालन हुने MPDSR समितिको बैठक सम्पन्न भएको थियो। यस अन्तर्गत Perinatal मृत्यु, गुणस्तरीय ANC सेवा र प्रसूति जटिलताको समयमै पहिचान नहुने सम्बन्धि विषय र सेवा सुधारका कुराहरुमा छलफल भएको थियो।

४) **Malaria Case Based Surveillance:** यस surveillance कार्यक्रममा समयमा नोटिफिकेसन नभएको र निजी स्वास्थ्य संस्थाबाट केसको रिपोर्टिङ नहुने समस्या पहिचान भएका थिए र समाधानका लागि सरोकारवाला सबैलाई कार्यक्रमको बारेमा विस्तृत जानकारी गराइएको थियो।

५) **OTC तथा पोषण सम्बन्धी On-site Coaching:** OTC तथा पोषण सम्बन्धी अन-साइट कोचिङ कार्य नियमित रुपमा सञ्चालन भइरहेको छ। यस अन्तर्गत Super Cereals Plus को आपूर्तिमा कमी र SAM तथा MAM केसहरूमा डिफल्टर हुने समस्या देखिएपछि Super Cereals Plus को आपूर्तिको लागि PHLMC र सरोकारवाला निकायसँग माग गरिएको छ। स्वास्थ्य संस्थाबाट प्रदान गरिने पोषण विशेष सेवाहरूको प्रभावकारी कार्यान्वयनका लागि स्वास्थ्य शाखा र स्वास्थ्य संस्थाको समन्वयमा स्वास्थ्यकर्मीहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्ने कार्य गरिएको थियो।

६) **परिवार मुआक (Family MUAC) सम्बन्धी अभिमुखीकरण कार्यक्रमः** राप्ती आधारभूत अस्पताल, सोनपुर स्वास्थ्य चौकी, बनकट्टा र टिकुलीगढ स्वास्थ्य चौकीलगायत घोराही उपमहानगरपालिका, गढवा, राप्ती, दंगीशरण गाउँपालिका र तुलसीपुर उपमहानगरपालिकाका विभिन्न स्वास्थ्य संस्थामा यो कार्यक्रम सञ्चालन गरिएको थियो। परिवार स्तरमा आमा तथा हेरालुहरूद्वारा ६ देखि ५९ महिनासम्मका बालबालिकाको पोषण अवस्था समयमै पहिचान गरी कूपोषणको अनुगमन प्रणालीलाई सुदृढ बनाउनु यसको मुख्य उद्देश्य रहेको छ।

## स्थानीय तहहरुबाट भाद्र महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु

भाद्र महिनामा वार्षिक समीक्षा गर्न बाँकी स्थानीय तहहरुले बार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरेका थिए। साथै, विद्यालय स्तरीय एच.पि.भी. (HPV) खोप कार्यक्रम सञ्चालन, Case Based Surveillance, परिवार मुआक (Family MUAC) अभिमुखीकरण लगायत अन्य नियमित स्वास्थ्यसम्बन्धी कार्यक्रमहरु समेत स्थानीय तहबाट सञ्चालन गरिएका थिए।

## आगामी महिनाको योजना

- पोषण कार्यक्रम, क्षयरोग कार्यक्रम र CBIMNCI कार्यक्रमको समीक्षा
- स्तनपान परामर्शकर्ताको लागि तालिम कार्यक्रम
- लामखुट्टे खोज र नष्ट अभियान
- Case Surveillance
- विषयगत कार्यक्रमहरुको स्थलगत अनुशिक्षण, अनुगमन तथा सुपरिवेक्षण

# कार्यक्रमसम्बन्धी फोटोहरु



**Malaria case based surveillance**



**HPV खोप कार्यक्रमको स्थलगत अनुगमन तथा सुपरिवेक्षण**



**स्वास्थ्य कार्यक्रमहरुको वार्षिक समीक्षा**



**MPDSR समितिको बैठक**



**परिवार मुआक (Family MUAC) सम्बन्धी अभिमुखीकरण कार्यक्रम**



**OTC तथा पोषण सम्बन्धी On-site Coaching**

dphodang@gmail.com,
hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np

## सुझाव र प्रतिक्रियाका लागि

**सूचना अधिकारी**

नामः मेघराज पौडेल

पदः वरिष्ठ तथ्याङ्क अधिकृत

फोन नम्बरः ९८५७८६०००५

ईमेल ठेगानाः paudelmeghraaj@gmail.com

**गुनासो सुन्ने अधिकारी**

नामः निमकान्त आचार्य

पदः वरिष्ठ अधिकृत

फोन नम्बरः ९८४७८३२४६२

ईमेल ठेगानाः nimkantacharya462@gmail.com

**थप जनकारीको लागि तल दिईएको ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध छ ।**

dphodang@gmail.com, hodang@lumbini.gov.np
०८२-५६०००५
ho.lumbini.gov.np